नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं.६ गुल्म हे.क्वा.छिन्ताङ्ग

धनकुटा


फोन नं :- ०२६-५२३२५५

ईमेल :- apfchhintang@gmail.com

:- dhankuta_n6coy@apf.gov.np

धनकुटा नगरपालिका-४, छारागाँउ

(प्रशासन शाखा)


पत्र संख्या :- (०८२/०८३)/

चलानी नम्बर :- ३३२

मिति :- २०८२/०९/२४ गते ।

धनकुटा नगरपालिका कार्यालय

दर्ता नं. : २४२९

दर्ता मिति : ०८२/०९/२४

श्री धनकुटा नगरपालिकाको कार्यालय, धनकुटा ।

श्री पाख्रिबास नगरपालिकाको कार्यालय, धनकुटा ।

श्री महाँलक्ष्मी नगरपालिकाको कार्यालय, धनकुटा ।

श्री छथर जोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

श्री सहिदभुमी गाउँपालिकाको कार्यालय, धनकुटा ।

श्री साँगुरीगढी गाउँपालिकाको कार्यालय, धनकुटा ।

श्री चौविसे गाउँपालिकाको कार्यालय, धनकुटा ।

विषय :- आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिति २०८२।०९।२४ गते प्रकाशित सुचना अनुसार निर्वाचन प्रहरीमा भर्ना खुलेको हुंदा दरखास्त फाराम भर्न ईच्छुक उमेद्धारहरुको जानकारीको लागि भर्ना खुलेको सुचना मजकुर कार्यालय नजिक पर्ने सार्वजनिक स्थानहरुमा टाँस गर्ने व्यवस्था गरिदिनु हुन सादर अनुरोध गरिएको छ । साथै उक्त सुचना यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा समेत सादर अनुरोध गरिएको छ ।

सहयोग को लागि धन्यबाद ।

(प्रेम प्रसाद सिग्देल)

सशस्त्र प्रहरी नायव उपरीक्षक

गुल्मपति

श्री प्रेस पी

०८२/०९/२४

निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति समिति

धनकुटा जिल्ला

## निर्वाचन प्रहरी (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) भर्ना सम्बन्धि एकिकृत सुचना

मिति २०८२।०९।२४

प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि स्वीकृत निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट एकिकृत रुपमा दरखास्त आह्वान गरिन्छ ।

१. पदः- निर्वाचन प्रहरी (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल)

२. माग पद संख्याः- १०८५

३. दरखास्त दिने मितिः- २०८२।०९।२५ गते देखि २०८२।१०।०१ गते सम्म, समय बिहान १०:०० बजे देखि बेलुका १६:०० बजे सम्म (सर्वजनिक बिदाको दिन समेत)

४. दरखास्त फारम पाउने र बुझाउने स्थानहरुः- जिल्ला प्रहरी कार्यालय, धनकुटा र सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटाको कार्यालयबाट

५. निर्वाचन प्रहरीमा भर्ना हुन आवश्यक योग्यता र प्रथमिकताका आधारः-

| उमेर हद | आवश्यक योग्यता | निर्वाचन प्रहरी भर्नाको लागि प्राथमिकता |
|---|---|---|
| दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ५४ वर्ष ननाघेको (२०२८।१०।०१ गते देखिं २०६४।१०।०१ गते सम्म) | १. नेपाली नागरिक,<br>२. साधारण लेखपढ गर्न जान्ने,<br>३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>४. भर्ना हुने समयमा कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>५. शारीरिक तथा मानसिक रुपले स्वस्थ रहेको,<br>६. आतंककारी तथा विध्वंसात्मक संगठनको सदस्य नरहेको,<br>७. पुरुषको हकमा घटिमा उचाई ५ फिट, छाती ३१-३३ ईन्च, तौल ५० के.जि. र महिलाको हकमा घटिमा उचाई ४ फिट १० ईन्च, तौल ४२ के.जि. भएको<br>८. महिलाको हकमा गर्भवती नभएको/नरहेको | १. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको सेवाबाट निबृत्तिभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मी वा पूर्व बन रक्षक भएको ।<br>२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालमा वि.सं. २०८१ माघ १ गते देखि बि.सं. २०८२ पौष मसान्त सम्म विभिन्न पदमा भर्नाको लागि आवेदन दिई शारिरिक तन्दुरुस्ती र स्वास्थ्य परिक्षणमा उत्तिर्ण भएकाको हकमा प्रवेशपत्र पेश गर्ने व्यक्ति ।<br>३. यस अघि सम्पन्न भएका प्रतिनिधिसभा, प्रदेशसभा र स्थानिय तहका निर्वाचनमा म्यादी प्रहरीको रुपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्ति ।<br>४. बिदेशी मित्र राष्ट्रका सुरक्षा निकायहरुमा काम गरि सेवा निवृत्त नेपाली नागरिक । |

६. सम्पर्क मितिः- मिति २०८२।१०।०४ गते ।

स्थानः- दरखास्त दर्ता गर्ने कार्यालयहरु ।

समयः- विहान ११:०० बजे ।

७. छनौट सम्बन्धिः-

छनौट प्रारम्भ हुने मितिः- २०८२।१०।०५ गते देखि २०८२।१०।०९ गते सम्म

अन्तिम नतिजा प्रकाशन मितिः- २०८२।१०।१२ गते

प्रशिक्षण (तालिम) सुरु हुने मितिः- २०८२।१०।१५ गते देखि २०८२।१०।२४ गते सम्म (सार्वजनिक विदाको दिन समेत)

८. निर्वाचन प्रहरीको कार्य अवधि

(क) नियुक्ती पाएको मितिले जम्मा चालिस(४०) दिन वा नेपाल सरकारवाट तोके वमोजिम हुनेछ ।

(ख) नेपाल सरकारले निर्वाचन अवधिको आधारमा निर्वाचन प्रहरीको कार्य अवधि हेरफेर गरेमा सोह वमोजिम हुनेछ ।

९. निर्वाचन प्रहरीका सेवा तथा सुविधाका सर्तहरु

(क) निर्वाचन प्रहरीको लागि नेपाल प्रहरी/सशस्त्र प्रहरी जवानको सुरु तलव स्केल सरह प्रतिदिन रु ८६९/४०( आठ सय उनन्सत्तरी रुपैया र चालिस पैसा मात्र)का दरले ४० दिन सम्मको लागि ३४,७७६ (चौतिस हजार सात सय छयाहत्तर रुपैया मात्र) रकम उपलब्ध गराईने छ ।

(ख) निर्वाचन प्रहरीलाई सम्वन्धित जिल्लाको नेपाल प्रहरी/सशस्त्र प्रहरीले पाए सरहको दर रेट अनुसार प्र निर्वाचन प्रहरी ४० दिनको लागि खाद्यान्न वापतको रकम ।

(ग) निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाँउमा आउने र जाने तयारी स्वरुप प्र निर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट रु. ८४६ (आठ सय छयालिस मात्र) का दरले तयारी र उपलब्ध गराईने छ ।

(घ) प्रतिदिन प्रति निर्वाचन प्रहरी रु. ३०० (तीन सय मात्र) का दरले ४ (चार) दिनका लागि एकमुष्ट १२०० ( बाह्र सय मात्र) खाजा खर्च उपलब्ध हुनेछ ।

(ङ) नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालयबाट तोकिए वमोजिमको दर रेटको आध पोशाक वापतको रकम उपलब्ध गराईनेछ ।

(च) निर्वाचन प्रहरीलाई उपलब्ध गराईने सम्पुर्ण सेवासुविधा वापतको रकम निजको व्यक्तिगत बैंक खा उपलब्ध गराईने छ ।

(छ) कर्तव्यपालनको सिलसिलामा निर्वाचन प्रहरी घाईते भएमा निज स्वयंले र मृत्यु भएको खण्डमा नि नजिकको हकदारले नेपाल सरकारवाट तोकिए वमोजिमको क्षतिपूर्ति प्राप्त गर्ने छ ।

(ज) निर्धारित अवधि भन्दा अगावै गैरहाजिर रहेमा वा जिम्मेवारी पुरा नगरि भागेमा त्यस्तो निर्वाचन प्रह कुनै सुविधा वापतको रकम उपलब्ध गराईने छैन ।

(झ) कुनै मनासिव कारणले निर्वाचन प्रहरीले करार अवधी भन्दा अगाडि छाड्ने परिस्थिति भएमा २० दिन वा सो भन्दा बढि दिन काम गरेको रहेछ भने काम गरेको दिन सम्मको सेवा सुविधा पाउने छ ।

(ञ) नियुक्तिको प्रकृयामा रहेको अवस्थामा वा नियुक्ति भईसकेको भएतापनि निर्वाचन स्थगित वा रद्द त्यस्तो नियुक्ति स्वतःरद्द हुने छ ।

(ट) अन्य सुविधाहरु निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(ठ) छनौट भएका निर्वाचन प्रहरीलाई जिल्ला स्थित निर्वाचन प्रहरी भर्ना छनौट समितिले आवश्यक्ता अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल तर्फ खटाउन सक्ने छ ।

(१०) दरखस्त दिने व्यक्तिले ध्यान दिनुपर्ने कुराहरु

(क) नेपाल प्रहरीतर्फ वा सशस्त्र प्रहरी बल नेपाल तर्फ नियुक्तिका लागि एउटै दरखास्त फारमबाट आवेदन गर्नुपर्ने छ ।

(ख) सम्पूर्ण परिक्षाहरु एकिकृत रुपमा संचालन हुने छ ।

मितिः- २०८२।०९।२४ गते

दस्तखत